फोन नं.: ०६७-४२०१०२, १०३, १०४

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल

प.सं.: ०८३/०८४
च.नं.:

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८३/०५/०५)

फलेवास नगरपालिकाको भूमि प्रशासन शाखा संचालन गर्नका लागि तपसिलको कर्मचारी सेवा करारबाट पदपूर्ति गर्नुपर्ने भएकोले **फलेवास नगरपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५** अनुसार तपसिल बमोजिमको पदमा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वक कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम नगरपालिकाको वेबसाइट https://phalewasmun.gov.np/ तथा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

तपसिल

| क्र.सं. | वि.नं. | सेवा, समूह, उपसमूह | पद | तह | मागपद संख्या |
|---|---|---|---|---|---|
| १ | १/०८३-०८४ | स्थानीय इन्जिनियरिङ/ सर्भे | सर्वेक्षक | सहायक स्तर पाँचौ | १ (एक) |

**आवश्यक न्युनतम योग्यता :**
मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको।

**परीक्षाको किसिम :-** लिखित परीक्षा र अन्तर्वार्ता।

**परीक्षा केन्द्र :-** फलेवास नगरपालिकाको सभाहल

**दरखास्त दस्तुर :-** सर्वेक्षकका पदका लागि रु. ५००/- (पाँच सय) यस कार्यालयको राजस्व/प्रशासन शाखामा बुझाएको नगदी रसिद

**दरखास्त दिने अन्तिम मिति :-** २०८३/०५/१९ गतेसम्म।

**उम्मेदवारको उमेरको हद :-** २०८३/०५/१९ गतेसम्म सर्वेक्षकको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिलाको हकमा ४० वर्ष ननाघेको।

**दरखास्त बुझाउने स्थान र प्रक्रिया :-** फलेवास नगरपालिकाको कार्यालय, खानीगाउँ पर्वत ।

**दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरू :-**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि
३. हाल सालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
४. तालिमको प्रमाण पत्र
५. अनुभव भए अनुभवको प्रमाणपत्रको प्रतिलिपि

**पारिश्रमिक:** प्रचलित कानून बमोजिम

**परीक्षा मिति र समय :-** पछि प्रकाशन गरिनेछ ।

**द्रष्टव्य :** तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा नभएको दरखास्त उपर कुनै कारबाही हुनेछैन।

**थप जानकारीका लागि सम्पर्क :**
(कृष्ण प्रसाद पौडेल ९८४७६३६०४०, शिव बहादुर क्षेत्री ९८४११९५७८६)

भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत